# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल पुस २६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकारका मन्त्रालयहरूबाट सम्पादन भइरहेका कार्यक्षेत्र एवम् मन्त्रालयको संख्या पुनरावलोकन सम्बन्धमा १५ दिन भित्र अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गर्ने । |
| २. | १. संघीय सरकारबाट आ.व.०८०/८१ का लागि प्रदान गरिने संघीय समपूरक अनुदानका लागि अनुसूची १ बमोजिमका ११ वटा क्रमागत आयोजनाहरू तथा अनुसूची २ को उच्च प्राथमिकता क्रममा रहेका आयोजना/ कार्यक्रमको प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाइन पेस गर्नका लागि स्वीकृति प्रदान गर्ने ।<br>२. संघीय सरकारबाट आ.व.०८०/८१ का लागि प्रदान गरिने संघीय विशेष अनुदानका लागि अनुसूची ३ बमोजिमका ९ वटा क्रमागत आयोजनाहरू तथा अनुसूची ४ को उच्च प्राथमिकता क्रममा रहेका आयोजना/ कार्यक्रमको प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रिय योजना आयोगमा अनलाइन पेस गर्नका लागि स्वीकृति प्रदान गर्ने । |
| ३. | बागमती प्रदेश सरकारको प्रवक्ताको रूपमा आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री जगन्नाथ थपलियालाई जिम्मेवारी दिने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल पुस १३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सभाको एघारौं अधिवेशन संवत् २०७९ साल पौष १८ गते सोमवार दिनको १:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने । |
| २. | प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १० को उपदफा (१) को स्पष्टीकरण तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ११ को उपदफा (१) को स्पष्टीकरण प्रयोजनको लागि मानव विकास सूचकाङ्कमा सबैभन्दा पछाडी परेका पालिका क्रमशः रुवी भ्याली गाउँपालिका (धादिङ), पाँचपोखरी थाङपाल गाउँपालिका (सिन्धुपाल्चोक), घ्याङलेख गाउँपालिका (सिन्धुली), नौकुण्ड गाउँपालिका (रसुवा) र कैलाश गाउँपालिका (मकवानपुर) लाई पिछडिएको क्षेत्र तोकी राजपत्रमा सूचना प्रकाशन गर्ने । |
| ३. | प्रदेश निजामती सेवामा रिक्त रहेका प्रदेश सरकारको सचिव बाहेकको अधिकृत एघारौं तहका रिक्त पदहरूको बढुवा समिति मार्फत सूचना प्रकाशन गरी बढुवाद्वारा पूर्ति गर्ने प्रकृया अगाडी बढाउन बढुवा समितिको सचिवालयलाई निर्देशन दिने । |
| ४. | प्रदेश निजामती सेवा नियमावलीको मस्यौदालाई परिमार्जन गरी अन्तिम रूप दिन तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश बमोजिम बनाउनुपर्ने नियमका सम्बन्धमा अध्ययन गरी नियमावलीको मस्यौदा तयार गर्न कार्यदल गठन गर्ने । |
| ५. | खगेरी नहर र कपरफोरी माध्यमिक विद्यालय बीचमा मेसजाली सहितको घेरावार निर्माण कार्यको सम्झौता बमोजिम सम्पन्न भएको कामको मूल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने रकम यकिन गरी पुस्ट्याई सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा निकासा माग गरी भुक्तानी दिन वन तथा वातावरण मन्त्रालयका सचिवलाई निर्देशन दिने र त्यसरी भुक्तानीका लागि माग भएको थप रकम निकासा दिन आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवलाई निर्देशन दिने र सो को जानकारी खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय, बागमती प्रदेशलाई समेत दिने । |
| ६. | बागमती प्रदेश भित्र विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि ऐनको अनुसूची बमोजिम आवश्यक पर्ने जग्गा रहेको स्थान पहिचान गरी यथाशीघ्र प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने । |

**सम्वत् २०७९ साल पुस ६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | गत आ. व. ०७८/७९ मा नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको लागि सम्झौता भएको नौकुण्ड गाउँपालिकालाई अख्तियारी दिन बाँकी रहेको रकम र यस आर्थिक वर्षका लागि छनौट भएका स्थानीय तहको लागि अख्तियारी दिनुपर्ने रकम गरी जम्मा ने.रु. ५,६९,०१,५१०/- आ. व. ०७९/८० मा खर्च गर्ने गरी यसै प्रस्तावका साथमा संलग्न अनुसूची-१ बमोजिम सम्बन्धित स्थानीय तहहरूमध्ये ज्वालामुखी, खैरहनी र धुनिवेशीलाई जम्मा निकासा हुने रकमको हाल साठी प्रतिशत अख्तियारी प्रदान गर्ने र प्रगतिका आधारमा बाँकी चालीस प्रतिशत खर्च गर्ने अख्तियारी पछि प्रदान गर्ने । |
| २. | Subnational Governance Program (SNGP) Phase २ आगामी १७-२८ अप्रिल २०२३ मा अष्ट्रेलियामा हुने, Online Pre-learning activity आगामी २१-२३ फेब्रुअरी २०२३ मा र In-person applied learning activity (post-visit) आगामी ८-१० अगष्ट २०२३ काठमाडौंमा हुने “Promoting Effective Federal Governance (Nepal)” कार्यक्रममा सहभागी हुन बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री शिवराम गेलालको मनोनयन गर्ने । साथै राहदानी र भिषाको लागि नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ३. | बागमती प्रदेश प्रहरी कार्यालय मातहत निर्माणाधीन २१ ओटा बहुवर्षीय (क्रमागत) प्रहरी भवनहरूको लागि विनियोजित रु. ३०,३८,६३,०००।— (अक्षेरूपी तीस करोड अड्तीस लाख त्रिसट्ठी हजार मात्र) सम्बन्धित प्रहरी कार्यालयहरूलाई कार्यक्रम संशोधन गरी खर्च अख्तियारी प्रदान गर्ने । |
| ४. | मन्त्रालयको चालू आ. व. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यसैसाथ संलग्न अनुसूची-१ बमोजिमका सम्बन्धित स्थानीय तहबाटै खर्च गर्ने गरी अख्तियारी प्रदान गर्ने । |